धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या १८/०७९/०८०

आज मिति २०८० साल वैशाख ३१ गते, आईतबार दिनको २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री मातृका भट्टराई | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धउमनपा | |

| कस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | श्री शम्भु प्रसाद पाण्डे | शाखा अधिकृत | धउमनपा | |

मिति (२०८०/०१/२१ गते धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठकमा भएको छलफल र निर्णय भएका विषयहरु:

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा ३० जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. **अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा :–**

यस अघि मिति २०७९ फाल्गुन १५ गते कार्यपालिकाको बैठक वसेको र उक्त बैठकबाट ७ वटा निर्णयहरु भएका थिए। उक्त निर्णयहरुमध्ये निर्णय नं. ८ को नदिजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्यविधि आजको बैठकमा पेश भएको र अन्य निर्णयहरुमा केहि कार्यान्वयन भइसकेका र केहि निर्णयहरु कार्यान्वयनको अवस्थामा रहेको व्यहोरा बैठकलाई जानकारी भयो।

३. **नगर शिक्षा समितिमा सदस्य मनोनयन सम्बन्धमा।**

यस उपमहानगरपालिकाबाट स्वीकृत शिक्षा ऐन २०७८ को दफा ९ अनुसार गठन हुने नगर शिक्षा समितिमा उक्त दफाको घ नं. मा नगर कार्यपालिकावाट तोकिएका नगरसभा सदस्य मध्येबाट कम्तीमा १(एक) जना दलित सदस्य सहित २(दुई) जना सदस्य रहने व्यवस्था भएकोमा तपसिलका नगर सभा सदस्यहरुलाई नगर शिक्षा समितिमा सदस्य मनोनयन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल:</u>

क. डे कुमारी विक, दलित महिला सदस्य, वडा नं. ७

ख. लोकेन्द्र कुमार फागु, वडाध्यक्ष, वडा नं. ११

४. **नदीजन्य पदार्थ उत्खनन् उपयोग र व्यवस्थापन सम्बन्धी स्थानीय मापदण्ड २०७९ सम्बन्धमा।**

मिति २०७९।११।१५ गते वसेको कार्यपालिका बैठकको निर्णयानुसार यस उपमहानगरपालिका क्षेत्र भित्रबाट बग्ने नदिहरुबाट नदिजन्य पदार्थ उत्खनन् गरी प्रयोग गर्ने सम्बन्धमा तयार गरी आजको बैठकमा पेश भएको नदीजन्य पदार्थ उत्खनन्, उपयोग र व्यवस्थापन सम्बन्धी स्थानीय मापदण्ड २०७९ माथि विस्तृत छलफल गरियो। छलफल पश्चयात पेश भएको मापदण्ड सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

५. **धरान-१५ निवासी लक्ष्मी प्रसाद वनको निवेदन सम्बन्धमा।**

धरान-१५ निवासी लक्ष्मी प्रसाद वनले निजको नाममा कायम रहेको हाल धरान १५ साविक बाझँगरा २ क कित्ता नं. ६२१२ को क्षेत्रफल ०-०-१४ जग्गामा मात्र एकलौटी पर्ने गरी उक्त सडक निर्माण उपभोक्ता समितिबाट ड्रेन निर्माण भएको सम्बन्धमा अदालतवाट क्षतिपुर्ती भराउने गरी फैसला भएकोमा उक्त बाटोको नाम निजको समेत पहिचान जोडिने गरी परिवर्तन भएमा क्षतिपुर्ती माग नगर्ने भनी दिएको निवेदन सम्बन्धमा छलफल हुँदा उक्त निवेदन उपरको निर्णय सम्बन्धित वडा कार्यालयमा छलफल पश्चयात आगामी कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

६. **विविध**

क. **सहयोग सम्बन्धमा ।**

- खेमराज विश्वकर्मा, धरान-१५ उपचार सहयोग रु. १५,०००/-
- चुडामणी भुजेल, सफाईकर्मी, धरान उपमहानगरपालिका, उपचार सहयोग रु. १५,०००/-
- बासुदेव भट्टराई, धरान-१४ घर निर्माण गर्न सहयोग रु. १५,०००/-
- मंगली दर्जी, धरान-८ उपचार सहयोग रु. १५,०००/-
- गोमा देवी खड्का, धरान-८ उपचार सहयोग रु. १५,०००/-
- दिल कुमारी नेमाङ, धरान-१७ उपचार सहयोग रु. १५,०००/-
- निङ्सा लिम्बु, धरान-१५ उपचार सहयोग रु. १५,०००/-
- सरु खवास, धरान-१५ उपचार सहयोग रु. १५,०००/-
- कुमार शाक्य, धरान-२ उपचार सहयोग रु. १५,०००/-
- तुलमान तामाङ्ग, धरान-२० उपचार सहयोग रु. १५,०००/-

ख. प्रस्ताव : खानेपानी मुहान उपयोग अनुमति दिने सम्बन्धमा :-

यस उपमहानगरपालिकाबाट स्वीकृत भइ लागू भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ मा नगर क्षेत्रमा सञ्चालनमा रहेका त्यस्ता उपभोक्ता समितिहरुले खानेपानीको मुहान उपभोग गर्न उपमहानगरपालिकाबाट अनुमति लिनुपर्ने व्यवस्था भए अनुरुप तपशिलका खानेपानी उपभोक्ता समितिहरुले मुहान उपभोगको अनुमतिका लागि निवेदन पेश गरेका र खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ अनुसार गठन भएको मुहान उपयोग सिफारिस समितिले उक्त क्षेत्रको स्थलगत अनुगमन गरी सिफारिस गरे बमोजिमका तपसिलका उपभोक्ता समितिहरुलाई मिति २०८०।०१।०८ र २०८०।०१।२० गतेको नगर प्रमुख स्तरीय निर्णय अनुसार अनुमति प्रदान गर्ने निर्णय भएको हुँदा उक्त निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

क) लोकतान्त्रिक खानेपानी उपभोक्ता समिति, धरान-१६ ले प्रयोग गरिरहेको धरान-२० को गङ्गटे खोला मुहान

ख) पकुवा खोला खानेपानी व्यवस्थापन समिति, धरान-२० ले प्रयोग गरिरहेको पकुवा खोलामा रहेको मुहान

ग) ठुलो खैरे खोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति, धरान-२० ले प्रयोग गरिरहेको ठुलो खैरे खोला मुहान

घ) धार्ने खानेपानी उपभोक्ता समिति, धरान-२० ले प्रयोग गरिरहेको धार्ने खोल्साको मुहान

ङ) ढाँडे-तेलनपुर खानेपानी उपभोक्ता समिति, धरान-४ ले प्रयोग गरिरहेको बैंसपानी कुवामा रहेको मुहान

च) सिम्ले -हर्दिया खानेपानी उपभोक्ता समिति, धरान-४ ले प्रयोग गरिरहेको ठुलो पँधेरो मुहान

छ) सुमनटार-मनुवाटार खानेपानी तथा सरसफाई उपभोक्ता समिति, धरान-४ ले प्रयोग गर्न गइरहेको सेहरा खोला, पेटिखर्कको धरधरे मुहान

ज) शंखधारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति धरान-२० ले प्रयोग गर्न गरिहेको शंखधारा मुहान

झ) हर्दिया खानेपानी तथा सरसफाई उपभोक्ता समिति, धरान-४ ले प्रयोग गर्न गइरहेको सेहरा खोला सिरानको मुहान

ञ) श्रीगाउँ-दानाबारी खानेपानी उपभोक्ता समिति, धरान-४ ले प्रयोग गरिरहेको झ्याउरे र गोगने खोलाको मुहान

ट) जुवाने खानेपानी उपभोक्ता समिति धरान-४ ले प्रयोग गरिरहेको गैरी गाउँ फेदी र चापखोला मुहान

ठ) गैरी गाउँ खानेपानी उपभोक्ता समिति धरान-४ ले प्रयोग गरिरहेको बाङ्गे खोला र बेद खोला मुहान

**ग. खरिद गुरु योजना संशोधन सम्बन्धमा।**

मिति २०७८।१०।२७ र २०७९।०२।२९ को नगर कार्यपालिकाको बैठकको स्वीकृत खरिद गुरुयोजनामा समावेश भएका केही योजनाहरु बाह्रौं नगर सभाबाट केही संशोधन भएको हुनाले संशोधन सहितको खरिद गुरुयोजना स्वीकृतिका लागि मिति २०७९।१२।२४ मा भएको नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो। संशोधित खरिद गुरुयोजना पछाडि टाँस गरी प्रमाणित गरिएको छ।

**घ. आ.ब. २०८०।८१ का लागि प्रदेश समपुरक अनुदानमा योजना माग गर्ने सम्बन्धमा।**

कोशी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७९।१२।१४ को पत्रानुसार मिति २०८०।०१।१५ भित्र "प्रदेश सभामुख अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०७९" को अधिनमा रहि आयोजना माग गर्ने सम्बन्धमा मिति २०८०।०१।०६ तथा २०८०।०१।१४ मा भएको नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो। माग गरिएका प्राथमिकता योजनाहरु तपसिलमा उल्लेख भए बमोजिमको रहेको छ।

| क्रस | योजनाको विवरण | लागत अनुमान (रु.) |
|---|---|---|
| १ | विष्णुपादुका मार्ग, भन्ज्याङ्ग सम्मको बाटो पिच निर्माण, धरान-२० | ४,९९,८६,२३९।९६, २ वर्षे योजना |
| २ | ईन्जिनियरिङ्ग अध्ययन संस्थान, पुर्वाञ्चलन क्याम्पस धरान-८ मा आविष्कार केन्द्र निर्माण | २,६६,२७,४२०।०९ सालवसाली योजना |
| ३ | ४ नं. वडा कार्यालय भवनमा तला थप गर्ने कार्य | १,०६,९४,०८८।०८ सालवसाली योजना |

**[illegible] नामाकरण सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. धरान-१५ बस्ने छत्र बहादुर राई समेत २० जनाले धरान १५ स्थित शहिद मार्ग संग जोडिएको महादेव चोक पूर्व करिव १५० मिटर लम्बाई भएको शहिद मार्ग लुपको (१४ फिट मापदण्ड) नाम परिवर्तनका लागि दिएको निवेदन सम्बन्धमा वडा कार्यालयको सिफारिस, वडा टोल विकास संस्था र स्थानीय उपभोक्ताहरुको संयुक्त निर्णय तथा प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा सम्बन्धित शाखा महाशाखाको राय बमोजिम उक्त बाटोको नाम परिवर्तन गरी **"समता पथ"** नामकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**च. बाटोको मापदण्ड तथा नामाकरण अनुमोदन सम्बन्धमा।**

यस उपमहानगरपालिकाका विभिन्न वडाहरुमा नयाँ खुलिएका बाटोहरुको विभिन्न मितिमा नगर प्रमुख स्तरबाट निर्णय भई कायम भएको मापदण्ड र नामाकरणलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो। उक्त बाटोहरुको विवरण पछाँडी पानामा टाँस गरी प्रमाणित गरिएको छ।

**छ. आधारभुत तह (कक्षा १-८) को पाठ्यक्रम २०७९ सम्बन्धमा।**

आधारभुत तहको स्थानीय पाठयक्रम २०७९ अनुसार तयार पारिएको (कक्षा १-८) को हाम्रो धरान पाठयपुस्तक कक्षा-१ स्वीकृत गरी शैक्षिक सत्र २०८० देखि यस धरान उपमहानगरपालिकाका सम्पूर्ण विद्यालयहरुको आधारभुत तह कक्षा-१ मा लागु गर्ने सर्वसम्मत निर्णय गरियो।

**ज. स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० सम्बन्धमा।**

स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० दफा २८ (३) अनुसार प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना वरिष्ठ कर्मचारी रहेको तह बृद्धि सिफारिस समिति गठन गर्ने प्रावधान रहेको हुँदा उक्त समितिमा तपसिल बमोजिमको कर्मचारी तोक्ने सर्वसम्मत निर्णय गरियो।

i. श्री मातृका भट्टराई - प्रमुख प्रशासकीय अधिकृत
ii. श्री प्रज्ञादेवी निरौला - प्रमुख महिला विकास अधिकृत
iii. श्री शम्भुप्रसाद पाण्डे- प्रशासन महाशाखा प्रमुख

**झ. कक्षा थप सम्बन्धमा।**

यहि शैक्षिक सत्र २०८० देखि कक्षा थप गरी विद्यालय सञ्चालन गर्ने अनुमतिका लागि आवेदन पेश गरेका तपसिलका विद्यालयहरुलाई तोकिएका मापदण्ड तथा पुर्वाधारहरु पुरा गरेको आधारमा शिक्षा महाशाखाको स्थलगत प्रतिवेदन र सिफारिस बमोजिम कक्षा थपको अनुमति दिने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.स | विद्यालयको नाम, ठेगाना | अनुमति माग गरेको कक्षा | मौजुदा संघीय शिक्षा नियमावली, २०५९, (संशोधन सहित) बमोजिमका पूर्वाधारहरु पूरा भए नभएको | राय | कैफियत |
|---|---|---|---|---|---|
| १. | समानता एकेडेमी, धरान-१५ | ७ | न्यूनतम पूर्वाधारहरु पूरा भएको | कक्षा थप अनुमति दिन उपयुक्त देखिएको | |
| २. | होली गार्डेन एकेडेमी, धरान- १ | ६ | न्यूनतम पूर्वाधारहरु पूरा भएको | कक्षा थप अनुमति दिन उपयुक्त देखिएको | |
| ३. | उज्वल तारा एकेडेमी, धरान-६ | ७ | न्यूनतम पूर्वाधारहरु पूरा भएको | कक्षा थप अनुमति दिन उपयुक्त देखिएको | |

| क.स | विद्यालयको नाम, ठेगाना | अनुमति माग गरेको कक्षा | मौजुदा संघीय शिक्षा नियमावली, २०५९, (संशोधन सहित) बमोजिमका पूर्वाधारहरु पूरा भए नभएको | राय | कैफियत |
|---|---|---|---|---|---|
| ४. | धरान पिस एन्जल एकेडेमी, धरान- ८ | ४ | न्यूनतम पूर्वाधारहरु पूरा भएको | कक्षा थप अनुमति दिन उपयुक्त देखिएको | |
| ५. | जोल साया एकेडेमी ,धरान- ११ | ७ | न्यूनतम पूर्वाधारहरु पूरा भएको | कक्षा थप अनुमति दिन उपयुक्त देखिएको | |
| ६. | धरान इङलिस बो. स्कुल, धरान- ५ | ५ | न्यूनतम पूर्वाधारहरु पूरा भएको | कक्षा थप अनुमति दिन उपयुक्त देखिएको | |
| ७. | राइजिङ इङलिस स्कुल, धरान-५ | ८ | न्यूनतम पूर्वाधारहरु पूरा भएको | कक्षा थप अनुमति दिन उपयुक्त देखिएको | |
| ८. | कार्मेल हाइ स्कुल, धरान- १८ | ४ | न्यूनतम पूर्वाधारहरु पूरा भएको | कक्षा थप अनुमति दिन उपयुक्त देखिएको | |
| ९. | मदर इङलिस बो. स्कुल,धरान-५ | २ | न्यूनतम पूर्वाधारहरु पूरा भएको | कक्षा थप अनुमति दिन उपयुक्त देखिएको | |

**ञ. दररेट अनुमोदन गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका मार्फत सञ्चालन हुने केही योजनाहरुमा आवश्यक पर्ने तपसिलका दुईवटा सामाग्रीको दररेट स्वीकृत गर्नुपर्ने भएकाले मिति २०८०।०१।२४ मा श्रीमान् नगर प्रमुख स्तरीय निर्णयानुसार स्वीकृत भएको दररेटलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| क्रस | सामाग्रीको विववरण | इकाई | स्वीकृत रु. |
|---|---|---|---|
| १ | Structure glazing works मिति २०८०।०१।२१ को specification सम्बन्धित टिप्पणी आदेशमा भएको | ब.फि | २५३०/- |
| २ | Metal Deck sheet work (specification मिति २०८०।०१।२१ को सम्बन्धित टिप्पणी आदेशमा भएको) | ब.फि | १०६३।३५ |

आजको बैठक बेलुकी ६:३० वजे समास भयो ।

वैठकको निर्णय माईनटगर्ने : शम्भुप्रसाद पाण्डे

# नदीजन्य पदार्थ उत्खनन, उपयोग, बिक्री तथा व्यवस्थापन सम्बन्धी स्थानीय मापदण्ड, २०७९

**धरान उपमहानगरपालिकाको अधिकार क्षेत्र भित्र रहेका विभिन्न खोलाहरु (सेउती, सर्दु, अँधेरी, सेहरा र पटनाली आदी) बाट नदीजन्य पदार्थ उत्खनन् गरी विकास आयोजनाहररुमा उपयोग गर्न तयार गरिएको नदीजन्य पदार्थ उत्खनन्, उपयोग तथा व्यवस्थापन सम्बन्धी स्थानीय मापदण्ड, २०७९**

धरान उपमहानगरपालिका क्षेत्रभित्र संचालित नगरस्तरीय र वडास्तरीय तथ ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुको लागि आवश्यक पर्ने नदीजन्य पदार्थको सहज रुपमा उपलब्ध गराइ विकास निर्माण कार्यमा सहजिकरण गर्न धरान उपमहानगर क्षेत्रभित्रका सेउती, सर्दु, अँधेरी, सेहरा र पटनाली आदी खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन् गरि ढुङ्गा, गिटी तथा बालुवाको स्थानीय रुपमा माग पूर्ति गर्न देहाय अनुसारको मापदण्ड अवलम्बन गरिनेछ ।

१. धरान उपमहानगरपालिकाको स्थानीय आवश्यकता परिपुर्ति गर्न नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन सम्बन्धमा।

१.१ उपभोक्ता समिति मार्फत सञ्चालन हुने विकास आयोजना सम्बन्धमा :-

क. उपभोक्ता समिति मार्फत सञ्चालन हुने वडास्तरीय आयोजनाहरुका लागि ढुङ्गा, गिटी तथा बालुवा जस्ता निर्माण सामाग्रिहरु प्रयोग गर्न चाहेमा सम्बन्धित वडा कार्यालयले नगरमा आयोजनाको लागत इस्टिमेट सहितको माग पत्र पेश गर्नुपर्नेछ ।

ख. माग पेश गरिएको आयोजनाको पत्रमा खपत हुने ढुङ्गा, गिट्टी तथा बालुवाको परिमाण स्पष्ट उल्लेख गर्नुपर्नेछ साथै नदीजन्य पदार्थ उत्खनन् गरी ढुवानी गर्न प्रयोग गरिने साधनको पनि विस्तृत विवरण सहित पेश गर्नुपर्नेछ ।

ग. माग पेश गर्ने वडा कार्यालयले उक्त कार्य गर्नका लागि आधिकारिक रुपमा खटाइने व्यक्तिको नाम सहित माग पत्रमै खुलाउनुपर्नेछ ।

घ. वडा कार्यालय/उपभोक्ता समितिले खटाइएको व्यक्तिले उत्खनन् कार्यको निगरानी गर्नुपर्नेछ । यदि उत्खनन् कार्य अवैधानिक पाइएमा उक्त खटिएको व्यक्ति पनि सजायको भागिदार हुनेछ ।

ङ. पेश गरिएको माग पत्र नगरले अध्ययन गरेपश्चात नदीजन्य पदार्थ (ढुङ्गा, गिटी तथा बालुवा) उपलब्ध गराउने/नगराउने भन्ने विषयको निर्णय नगरपालिकाले गर्नुपर्नेछ ।

च. माग पत्र स्वीकृत भएपश्चात नगरले सम्बन्धित वडा कार्यालय/उपभोक्ता समितिलाई उत्खनन् परिमाण, उत्खनन् गरिने खोलाको नाम र उत्खनन् स्थल उल्लेख गरि पत्र दिनुपर्नेछ र वडाले नगरपालिकासँग समन्वय गरि नदीजन्य पदार्थको उत्खनन् र ढुवानी गर्नुपर्नेछ ।

छ. बुँदा नं च. को कार्य थालनी गर्नुपूर्व नगरपालिकाले उपलब्ध गराउने नदिजन्य पदार्थको परिमाण आर्थिक ऐन, २०७९ बमोजिमको ढुङ्गा, गिटी तथा बालुवा बिक्रीमूल्य वापतको स्वीकृत दररेट बमोजिम राजश्व अग्रिम रुपमा दाखिला गर्नुपर्नेछ ।

१.२ निर्माण व्यवसायी मार्फत सञ्चालन हुने स्थानीय नगरस्तरीय विकास आयोजना सम्बन्धमा :-

क. निर्माण व्यवसायी मार्फत सञ्चालन हुने नगरस्तरीय आयोजनाहरुका लागि ढुङ्गा, गिटी तथा बालुवा जस्ता निर्माण सामाग्रिहरु प्रयोग गर्न चाहेमा आयोजनासँग सम्बन्धित निर्माण व्यवसायीले नगरमा आयोजनाको लागत इस्टिमेट सहितको माग पत्र पेश गर्नुपर्नेछ ।

ख. माग पेश गरिएको आयोजनाको पत्रमा खपत हुने ढुङ्गा, गिट्टी तथा बालुवाको परिमाण स्पष्ट उल्लेख गर्नुपर्नेछ साथै उक्त कार्यको लागि उत्खननमा प्रयोग हुने मेसिन र ढुवानी गर्न प्रयोग गरिने साधनको पनि विस्तृत विवरण सहित पेश गर्नुपर्नेछ ।

ग. माग पेश गर्ने निर्माण व्यवसायीले नदीजन्य पदार्थ उत्खनन् गरी ढुवानी गर्नका लागि आधिकारिक रुपमा खटाइने व्यक्तिको नाम सहित माग पत्रमै खुलाउनुपर्नेछ ।

घ. नगरपालिकाले निर्माण व्यवसायीहरुको माग बमोजिमको परिमाणको नदीजन्य पदार्थ उपलब्ध गराउनु पूर्व स्वीकृत दररेट बमोजिमको राजश्व संकलन गर्नुपर्नेछ । यसका लागि सम्बन्धित निर्माण व्यवसायीसँग नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन सम्बन्धमा कार्यालयले छुट्टाछुट्टै सम्झौता प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

यस प्रयोजनका लागि ढुङ्गा, गिटी, बालुवा उत्खनन् , बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ को प्रकृया अवलम्बन गरि नदीजन्य पदार्थ उपलब्ध गराउनुपर्नेछ ।

२. नदीजन्य पदार्थ माग पत्र सम्बन्धमा ।

विभिन्न निकायबाट नदीजन्य पदार्थको परिमाण उल्लेख गरि माग पत्र पेश भएको सम्बन्धमा प्राविधिकको राय अनुसार नगर प्रमुखबाट लिखित आदेश प्राप्त भएपछि मात्र नदीजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धी प्रकृया अगाडी बढाउनुपर्नेछ ।

३. अनुगमन समितिको व्यवस्था सम्बन्धमा ।

३.१ नदीजन्य पदार्थको दैनिक उत्खनन् कार्यलाई निगरानी गर्न, दैनिक उत्खनन् परिमाणलाई नियन्त्रण गर्न धरान उपमहानगरपालिकाको देहायअनुसारका कर्मचारीहरु रहेको एक अनुगमन समिति रहनेछ।

- वन, वातावरण तथा विपद व्यवस्थापन महाशाखा प्रमुख वा प्रतिनिधि
- योजना तथा इन्जिनियरिङ महाशाखा प्रमुख वा प्रतिनिधि
- राजश्व महाशाखा प्रमुख वा प्रतिनिधि
- नगर प्रहरी शाखा प्रमुख

४. उत्खनन् परिमाण र ढुवानी नियन्त्रण सम्बन्धमा : नदीजन्य पदार्थको दैनिक उत्खनन् तथा ढुवानी नियन्त्रण गर्न ढुङ्गा, गिटी, बालुवा उत्खनन् , बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को अनुसूची ४ (क) र ४(ख) बमोजिम दैनिक उत्खनन् अभिलेख तथा दैनिक पटके बिक्री तथा ढुवानी अभिलेख तेरिज अनुसार नदीजन्य पदार्थको उत्खनन् परिमाण र ढुवानी नियन्त्रण गर्नुपर्नेछ ।

५. नदीजन्य पदार्थ उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित मापदण्ड र सिफारिस गरिएको परिमाण मात्र उत्खनन् गर्नुपर्नेछ ।

६. यो मापदण्ड धरान उपमहानगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएपछि लागु हुनेछ ।

धरान उपमहानगरपालिका

खरिद गुरुयोजना (संशोधन)

आ.व. २०७९।०८०

मन्त्रालय/विभाग/आयोजना/कार्यालयः धरान उपमहानगरपालिका

बजेट उपशीर्षक नं.

| क्र.सं. | खरिदको विवरण (मालसामान/ निर्माण कार्य / परामर्श सेवा , अन्य सेवा) | खरिद विधि (खरिद निकायको प्रकृति अनुसार) | अनुमानित रकम | प्याकेज संख्या | सम्झौताको किसिम | पहिलो वर्ष आ.व. ०७९/८० | दोस्रो वर्ष आ.व. ०८०/८१ | तेस्रो वर्ष आ.व. ०८१/८२ | चौथो वर्ष आ.व. ०८२/८३ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ८ | ९ | १० | ११ | १२ |
| | रेडक्रस चोक अमरहाट शिखरमार्ग सडक स्तरोन्नती | ठेक्का | ९८,०००,०००.०० | | ईकाई दर | ८,०००,०००।०० | ९०,०००,०००.०० | - | - | |
| | तिनकुनाको करिडोर, धरान ८ | ठेक्का | २००,०००,०००.०० | | ईकाई दर | १,५००,०००।०० | ५०,०००,०००.०० | १४८,५००,०००।०० | - | |
| | कार्यालय भवनको नया ब्लक निर्माण | ठेक्का | ६५,०००,०००.०० | | ईकाई दर | ५,५००,०००।०० | ५९,५००,०००.०० | - | - | |
| | सभागृह पुनर्निर्माण तथा नाटकघर निर्माण, धरान ८ | ठेक्का | १९८,२००,०००.०० | | ईकाई दर | १,५००,०००।०० | ४०,०००,०००.०० | ६०,०००,०००।०० | ९६,७००,०००।०० | आ.व. ०८०।८१ का लागि संघीय समपूरक अनुदानमा माग गरिएको |
| | बी. पी. पार्क निर्माण कार्य | ठेक्का | १५,०००,०००.०० | | ईकाई दर | १,५००,०००।०० | १,५००,०००.०० | २,५००,०००।०० | ९,५००,०००।०० | |
| | वडा कार्यालय भवन निर्माण (वडा नं. १२) | ठेक्का | २२,४००,०००.०० | | ईकाई दर | ८,०००,०००।०० | १४,४००,०००.०० | - | - | |
| | सरस्वतीचौक खहरे कोरिडोर निर्माण, धरान १७ | ठेक्का | ५०,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ४८,०००,०००.०० | - | - | |
| | शहिदमार्ग सडक निर्माण, धरान १५ | ठेक्का | ९६,५००,०००.०० | | ईकाई दर | ४,०००,०००।०० | ९२,५००,०००.०० | - | - | |
| | पञ्ज्यांगदेखि भालढुंगा स्कूलसम्म बाटो निर्माण, धरान २० | ठेक्का | १५,०००,०००.०० | | ईकाई दर | ५०,०००।०० | २,०००,०००.०० | ५,०००,०००।०० | ७,९५०,०००।०० | विकास साझेदारसंग माग गरिएको |
| | वडा नं. १४ र १५ मा झण्डी पार्क निर्माण | ठेक्का | १३,५००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ११,५००,०००.०० | - | - | |
| | बहुभाषिक विद्यालय स्थापना (गोलघर) | ठेक्का | ७,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ५,०००,०००.०० | - | - | |
| | चतरालाईन सडक निर्माण, धरान १२ | ठेक्का | १००,०००,०००.०० | | ईकाई दर | ५००,०००।०० | ४०,०००,०००.०० | ५९,५००,०००।०० | - | |
| | पुतलीलाईन सडक निर्माण, धरान ९। १० | ठेक्का | १००,०००,०००.०० | | ईकाई दर | ५००,०००।०० | ४०,०००,०००.०० | ५९,५००,०००।०० | - | |
| | कुल रकम | | ९८०,६००,०००।०० | | | ३७,०५०,०००।०० | ४९४,४००,०००।०० | ३३५,०००,०००।०० | ११४,१५०,०००।०० | |

नोट : यो फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट परिमार्जन/संशोधन भएमा सोही बमोजिम परिवर्तन हुनेछ ।

तयार गर्ने अधिकृतः
दस्तखत :

रुजु गर्ने अधिकृतः
दस्तखत :
पदः
मितिः

कार्यालय प्रमुखः
दस्तखत :
पदः
मितिः

विभागीय प्रमुख/मन्त्रालयको सचिव
दस्तखत :
पदः
मितिः

अनुसूची–१

धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भवन इजाजत तथा नियमन शाखा

आ.ब. २०७९/८०

मापदण्ड तथा नामाकरण भएका बाटाहरुको विवरण

| क्र.सं. | निवेदकको नामथर | वडा नं. | बाटो दर्ता निर्णय मिति | सडकको नाम | मापदण्ड | कहाँ देखी | कहाँ सम्म |
|---|---|---|---|---|---|---|---|
| १ | दल बहादुर खडका समेत ३जना | १५ | २०७९/११/१० | कालिका मार्ग | २० फि. | हिन्दुपति मार्ग लुप | कि.नं.७०१६भन्दा उत्तरपूर्व कुनाबाट १५.५मि.सम्म मात्र |
| २ | सृजना नेपाल समेत ३जना | १६ | २०७९/११/०८ | स्टेडियम पथ | २० फि. | साविक कि.नं.९१०को उत्तर कुना देखी | कि.नं.९५७०को दक्षिणपूर्व कुना ठाडो हुँदै तेर्सो तर्फ कि.नं.९०५५,९०५९सम्म |
| ३ | जगमाया भुजेल समेत ४जना | ११ | २०७९/११/१४ | भवानी मार्ग लुप निरन्तर | २० फि. | भवानी मार्ग लुपको निरन्तरता देखी | उत्तर बन्द (निरन्तरता) |
| ४ | हरि बहादुर राई समेत ६जना | ६ | २०७९/१२/०६ | हितैसी मार्ग | २० फि. | नमुना मार्ग | कि.नं.४२१४को उत्तर पूर्व कुना सम्म |
| ५ | तिलमाया याखा समेत १७जना | १७ | २०७९/१२/०१ | देवकृष्ण मार्ग | २० फि. | विष्टराई पथ देखी | उत्तर गई पश्चिम हुँदै उत्तर सबै प्रस्तावित बाटो सर्दुखोला सम्म |
| ६ | प्रमिला कुमारी समेत ४जना | १९ | २०७९/१०/१९ | विष्णु मार्ग | २० फि. | सनम मार्ग देखी | उज्ज्वल मार्ग सम्म |
| ७ | सुमित्रा राई समेत २४जना | ५ | २०८०/०१/०५ | जलकन्या मार्ग | २० फि. | संयुक्त मार्ग देखी | सेरा खोला(खैरेनी सिरान) |
| ८ | जगत प्रसाद राई समेत ५जना | ६ | २०८०/०१/१९ | सुन्दर मार्ग | २० फि. | दोभान लाईन देखी | कि.नं.२४४५को उत्तर सम्म |
| ९ | पुर्ण प्रसाद सुवेदी समेत ८जना | १५ | २०८०/०१/२७ | भगवान मार्ग | २० फि. | कि.नं.१४२९३को पश्चिम दक्षिण कुना बाट | कि.नं.१४२९७को पश्चिम तर्फको सिमाना सम्म |